**तपाईंको परिवारले राष्ट्रिय स्वास्थ्य बीमा शुल्क अझै भुक्तानी भएको छैन।**

**कृपया तोकिएको म्यादभित्र बीमा शुल्क भुक्तानी गर्नुहोस्।**

**यदि तोकिएको म्याद कटेर पनि भुक्तानी गर्नु भएन भने सम्बन्धित कानूनको आधारमा तपाईंलाई कानूनी कारवाही गर्न सकिनेछ।**

※ यदि तपाईंले अगाडि नै भुक्तानी गर्नु भएको हो भने गल्तीवस तपाईंलाई यो सूचना आएको हुनसक्छ । त्यस्तो अवस्थामा कृपया माफ गर्नुहोस् ।


※ यो ताकेता पत्र बैंक अथवा अन्य वित्तीय संस्थामा प्रयोग गर्न सक्नुहुन्न ।

※ यदि ताकेता पत्रको अगाडि भागमा बारकोड छैन भने तपाईंले भुक्तानीको लागि भुक्तानी पर्चीको प्रयोग गर्नुपर्ने हुन्छ । अथवा राष्ट्रिय स्वास्थ्य बीमा विभागमा सम्पर्क गर्नुहोस् ।

◎ **कृपया तपाईंले प्राप्त गर्नु भएको भुक्तानी ताकेता पत्रसँग तुलना गरी चेकजाँच गर्नुहोस् ।**

राष्ट्रिय स्वास्थ्य बीमा तिर्ने मुख्य जिम्मेवारी घरमूलीको हुन्छ । यदि घरमूली स्याकाई होकेन अथवा काम गर्ने कम्पनीको सामाजिक बीमामा प्रवेश गरेको भए पनि परिवारको अन्य सदस्यहरुको बीमा शुल्क तिर्नुपर्ने जिम्मेवारी घरमूलीको नै रहन्छ ।

यदि यस स्थानमा भुक्तानीको लागि बारकोड छापिएको अथवा प्रिन्ट भएको छैन भने सँगै पठाईएको भुक्तानी रसीदको प्रयोग गरेर भुक्तानी गर्नुहोस् । अथवा राष्ट्रिय स्वास्थ्य बीमा विभागमा सम्पर्क गर्नुहोस् ।




| | |
|---|---|
| ① | भुक्तनी पत्र अथवा भुक्तानी सम्पन्न सूचना पत्र |
| ② | भुक्तानी गर्नुपर्ने रकम |
| ③ | करदाता (कर भुक्तानी गर्ने व्यक्ति) |
| ④ | सूचना नम्बर |
| ⑤ | पछाडिपट्टी उल्लेख गरिएको "भुक्तानी गर्न सकिने स्थान र तरिका" अनुसार भुक्तानी गर्नुहोस् । |
| ⑥ | बैंकबाट कटौती गर्ने सेवा लिईरहनु भएका परिवारको हकमा बैंकबाट कटौती गर्ने महिनाको रकम कटौती गर्ने योजनामा रहेको हुनाले दोहोरो भुक्तानी नहुनको लागि यो भुक्तानी रसीदमार्फत भुक्तानी नगर्नुहोस् । |
| ⑦ | भुक्तानी ताकेता पत्र तथा रसीद |
| ⑧ | भुक्तानीको लागि ताकेता गरिएको आर्थिक वर्ष |
| ⑨ | भुक्तानीको लागि ताकेता गरिएको महिना |
| ⑩ | भुक्तानी अवधि |
| ⑪ | कानूनत:तोकिएको समय सीमाभित्र बीमा शुल्क भुक्तानी गर्न नसकेका घरपरिवारलाई यो ताकेता पत्र पठाइएको छ । यदि तपाईंले यस अगाडि नै बीमा शुल्क भुक्तानी गरिसक्नु भएको छ भने यो पत्र गल्तीवस आएको हुनसक्छ । कृपया त्यसको लागि क्षमा गर्नुहोस् । |
| ⑫ | यो ताकेता पत्र बीमा शुल्क भुक्तानी बैंकबाट कटौती गर्ने सेवा लिएका, किस्ताबन्दीमा भुक्तानी गर्दै गरेका र जीवन यापन भत्ता (सेइकात्सु होगो) को सेवा लिईरहनु भएका घरपरिवार सबै लाई पठाइएको छ । |

**सम्पर्क स्थान:**


तोसिमा वडा राष्ट्रिय स्वास्थ्य बीमा विभाग

TEL：03-3981-1111

**काउण्टरको सेवा समय:**

| | |
|---|---|
| कार्यालय खुल्ने दिन | 8：30 ～ 17：00 |
| महिनाको दोस्रो शनिवार | 9：00 ～ 17：00 |

※ माथि उल्लेख गरिए बाहेकको शनिवार, आईतवार र सार्वजनिक विदाहरुमा सेवा उपलब्ध हुनेछैन । त्यसो त काउन्टरको सेवा समय पनि परिवर्तन हुन सक्नेछ ।




सामाजिक बीमा आदिमा प्रवेश गरेको अवस्थामा राष्ट्रिय स्वास्थ्य बीमाको सदस्यता रद्द गर्ने प्रकृया गर्न आवश्यक हुन्छ ।

यहाँ उल्लेख गरिएको स्थान र तरिका अनुसार भुक्तानी गर्नुहोस् ।

| | |
|---|---|
| ① | यदि तपाईं आफ्नो काम गर्ने कम्पनी मार्फत सामाजिक बीमामा प्रवेश गर्नुभयो भने तपाईं आफैंले राष्ट्रिय स्वास्थ्य बीमाबाट बाहिरिने प्रकृया गर्नुपर्ने हुन्छ । (तोसिमा वडा अथवा तपाईंको काम गर्ने कम्पनी मार्फत राष्ट्रिय स्वास्थ्य बीमाबाट बाहिरिने प्रकृया गरिंदैन) |
| ② | • यो प्रकृया तपाईंले हुलाकमार्फत, इन्टरनेटबाट वा सीधै काउन्टरमा गएर पनि गर्न सक्नुहुनेछ ।<br>• बीमा छाड्ने कारण भएको मितिदेखि 14 दिन भित्र प्रकृया गर्नुहोस् ।<br>• यदि प्रकृया गर्न ढिला भयो भने तपाईंले प्रकृया पुरा नगर्दा सम्मको पनि बीमा शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ । र भुक्तानी गर्नुपर्ने कुरालाई परिवर्तन गर्न सकिन्न । |
| ③ | [सम्बन्धित विभाग]　तोसिमा वडा कार्यालय, राष्ट्रिय स्वास्थ्य बीमा विभाग, योग्यता प्रमाणिकरण तथा बीमा शुल्क समूह |
| ④ | हाल भुक्तानी रसीद मार्फत भुक्तानी गरिरहेका घरपरिवारले भुक्तानीको तरिका बैंकमार्फत कटौती (स्वचालित कटौती) गर्नेमा परिवर्तन गर्नुहोस् । परिवर्तन गर्ने तरिकाको लागि दायाँतिर रहेको कोड स्क्यान गरेर हेर्नुहोस् ।<br>भुक्तानी सम्बन्धि जानकारी (तोसिमा वडाको होमपेज) मा पनि विवरण उपलब्ध छ । |
| ⑤ | [भुक्तानी गर्न सकिने स्थान र तरिका]<br>बैंक तथा वित्तीय संस्थामा गएर भुक्तानी गर्न सकिंदैन<br>① कन्भिनियन्स स्टोरहरु (जापानी वर्णानुक्रमानुसार) ※ कृपया ध्यान दिनुहोस् कि भुक्तानी स्वीकार गर्ने पसलहरु परिवर्तन हुन सक्नेछन् ।<br>◆ कुरासी हाउस　◆ थ्रि एईट　◆ सेइकाचु सिका ◆ सेवेन इलावेन　◆ डेली यामाजाकी<br>◆ न्यू यामाजाकी डेली स्टोर ◆ फ्यामेली मार्ट ◆ पोपुरा ◆ मिनी स्टप<br>◆ यामाजाकी स्पेशल पार्टनरशीप ◆ यामाजाकी डेली स्टेर ◆ लसन<br>② MMK जडान गरिएको पसल　(मानवरहित मेशिनहरु र वित्तीय संस्था भित्रका मेसिनहरु बाहेक)<br>③ मोबाईल रेजी　(डेटा प्रयोग शुल्क र सेवा शुल्क लाग्नेछ)<br>④ इलेक्ट्रोनिक पैसा　(डेटा प्रयोग शुल्क लाग्नेछ)<br>※③④ को विस्तृत जानकारीको लागि तोसिमा वडाको होमपेज हेर्नुहोस् । |
| ⑥ | तोकिएको अवधिभित्र भुक्तानी गर्न नसकिने अवस्थामा भुक्तानी योजनाको बारेमा स्पष्ट रुपमा जानकारी दिनुहोस् । |
| ⑦ | [सम्बन्धित विभाग]<br>तोसिमा वडा कार्यालय, राष्ट्रिय स्वास्थ्य बीमा विभाग<br>समायोजन तथा संकलन समूह　TEL 03-3981-1294　(सीधा सम्पर्क)<br>विशेष वक्यौता व्यवस्थापन समूह　TEL 03-3981-1295　(सीधा सम्पर्क) |
| ⑧ | ※ यदि प्राकृतिक विपत अथवा अन्य कुनै कारणले बीमा शुल्क भुक्तानी गर्न नसकिने अवस्था छ भने कृपया तुरुन्तै वडा कार्यालयमा परामर्श गर्नुहोस् । विशेष कारण नभएको अवस्थामा पनि लगातार बीमा शुल्क भुक्तानी नगरेमा बीमा सेवा मार्फत पाईने सेवामध्ये विशेष उपचार खर्च मात्र पाईने अवस्था रहन्छ । |
| ⑨ | ताकेता पत्र |
| ⑩ | 1． यदि तपाईं यस निर्णयसँग असन्तुष्ट हुनुहुन्छ भने, निर्णय भएको कुरा थाहा पाएको भोलिपल्टदेखि ③ महिनाभित्र, टोकियो महानगरपालिका अन्तर्गतको राष्ट्रिय स्वास्थ्य बीमा समीक्षा समितिमा पुनरावलोकनको लागि निवेदन दिन सक्नुहुन्छ।<br>(यद्यपि, निर्णय भएको कुरा थाहा पाएको भोलिपल्टदेखि ③ महिनाभित्र भए तापनि, निर्णय भएको दिनको भोलिपल्टदेखि ① वर्ष बितिसकेको अवस्थामा भने पुनरावलोकनको निवेदन दिन सकिँदैन।)<br>2． माथिको ① बमोजिम पुनरावलोकनको लागि दिइएको निवेदनमा निर्णय भएको खण्डमा मात्र त्यस निर्णयको बारेमा थाहा पाएको भोलिपल्टदेखि 6 महिनाभित्र तोसिमा वार्ड (मुद्दामा प्रतिवादीको रुपमा तोसिमा वार्ड रहनेछ र त्यसको प्रतिनिधित्व तोसिमा वार्डका मेयरले गर्नेछन्) विरुद्ध निर्णय खारेजीको मुद्दा दर्ता गर्न सकिन्छ।<br>(तर, निर्णयको बारेमा थाहा पाएको भोलिपल्टदेखि 6 महिनाभित्र भए तापनि निर्णय भएको भोलिपल्टदेखि 1 वर्ष बितिसकेको खण्डमा भने निर्णय खारेजीको मुद्दा दर्ता गर्न सकिँदैन।)<br>तर, निम्न मध्ये कुनै एक अवस्था भएमा पुनरावलोकनको निर्णय नआउँदै पनि निर्णय खारेजीको मुद्दा दर्ता गर्न सकिन्छ:<br>① पुनरावलोकनको लागि निवेदन दिएको भोलिपल्टदेखि 3 महिना बित्दासमेत निर्णय नभएको अवस्थामा।<br>② निर्णय, त्यसको कार्यान्वयन वा प्रक्रिया जारी रहँदा गम्भीर क्षति हुनसक्ने र त्यसबाट जोगिन तत्काल आवश्यक पर्दा।<br>③ पुनरावलोकनको निर्णय नपर्खनु पर्ने अन्य कुनै उचित कारण रहेको अवस्थामा। |